प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०७/१६


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब त्रिपन्न प्रतिशत (५२.६३%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १७३५६७ (१००%) | ९१३५६ (१००%) |
| निको भएको | १३४८४२ (७७.७%) | ६७६५४ (७४.१%) |
| उपचाररत | ३७७६५ (२१.८%) | २३२२६ (२५.४%) |
| मृत्यु भएको | ९६० (०.५५%) | ४७६ (०.५२%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/१५ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/१५ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/१६

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | १०२ | ६५ | १६७ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | ३८ | ५ | ४३ |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाण्डौ | १५ | १५ पुरुष |
| ललितपुर | २ | २ पुरुष |
| काभ्रेपलान्चोक | १ | १ पुरुष |
| चितवन | १ | १ पुरुष |
| नुवाकोट | १ | १ पुरुष |
| जम्मा — २० | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- बानेश्वर, काठमाण्डौका ८२ वर्षिय पुरुष कार्तिक ९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १५ गते निधन भएको छ । उहाँको कार्तिक ५ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ मधुमेह, उच्च रक्तचाप, दम र दिर्घ मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।) काठमाण्डौका ७४ वर्षिय पुरुष निमोनिया भई कार्तिक ८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १५ गते निधन भएको छ । उहाँको कार्तिक ११ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेह र उच्च रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो।) काठमाण्डौका ५९ वर्षिय पुरुष निमोनिया र मृगौलाको समस्या भई कार्तिक ४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १५ गते निधन भएको छ । उहाँको असोज २९ गते कोभिड-१९ पुष्टि भएको थियो । कोटेश्वर, काठमाण्डौका ८१ वर्षिय पुरुष निमोनिया भई कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १५ गते निधन भएको छ । उहाँको कार्तिक २ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप, मुटुरोग र मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।)

- तारकेश्वर, काठमाण्डौका ७३ वर्षिय पुरुष कार्तिक ११ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक ११ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ दमको समेत बिरामी हुनुहुन्थ्यो।) काठमाण्डौका ७५ वर्षिय पुरुष श्वासप्रश्वासमा समस्या भई कार्तिक १२ गते अस्पतालमा भर्ना

गरी उपचार गर्ने क्रममा कार्तिक १५ गते निधन भएको छ । उहाँको कार्तिक ११ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप, मृगौला रोग र पार्किन्सन्सको समेत बिरामी हुनुहुन्थ्यो।) काठमाण्डौका ६९ वर्षिय पुरुष निमोनिया भई कार्तिक १३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक ३ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) गोकर्णेश्वर, काठमाण्डौका ८३ वर्षिय पुरुष मुटुको समस्या भई कार्तिक ९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १५ गते निधन भएको छ । उहाँको कार्तिक ८ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- बालाजु, काठमाण्डौका ७७ वर्षिय पुरुष निमोनिया भई कार्तिक ११ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १२ गते निधन भएको छ । उहाँको कार्तिक ११ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) बसुन्धारा, काठमाण्डौका ७५ वर्षिय पुरुष निमोनिया भई असोज १८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १९ गते निधन भएको छ । उहाँको असोज १८ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) नागार्जुन, काठमाण्डौका ८१ वर्षिय पुरुष निमोनिया भई कार्तिक २ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ४ गते निधन भएको छ । उहाँको असोज २९ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) बुढानिलकण्ठ, काठमाण्डौका ६९ वर्षिय पुरुष निमोनिया र सेप्सिस भई कार्तिक ६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक ५ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ उच्च रक्तचाप, मधुमेह र दिर्घ मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।)

- तारकेश्वर, काठमाण्डौका ६५ वर्षिय पुरुष निमोनिया भई कार्तिक १३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १५ निधन भएको छ । उहाँको कार्तिक १४ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ दम, मुटुरोग र छारेरोगको समेत बिरामी हुनुहुन्थ्यो।) हात्तीगौडा, काठमाण्डौका ६९ वर्षिय पुरुष निमोनिया र सेप्सिस भई असोज १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १ निधन भएको छ । उहाँको असोज १५ गते कोभिड-१९ पुष्टि भएको थियो । काठमाण्डौका ६४ वर्षिय पुरुष असोज २४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १५ गते निधन भएको छ । उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।)

- ललितपुरका ३६ वर्षीय पुरुष कार्तिक १३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १५ गते निधन भएको छ । उहाँको कार्तिक १४ गते कोभिड-१९ पुष्टि भएको थियो । पाटन, ललितपुरका ३६ वर्षिय पुरुष निमोनिया भई असोज १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ४ गते निधन भएको छ । उहाँको असोज ७ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- धुलिखेल, काभ्रेपलान्चोकका ७३ वर्षिय पुरुष श्वासप्रश्वासमा समस्या भई कार्तिक १४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको आज नै कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ दमको समेत बिरामी हुनुहुन्थ्यो।) भरतपुर, चितवनका ५८ वर्षिय पुरुष श्वासप्रश्वासमा समस्या भई कार्तिक १२ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १४ गते निधन भएको छ । उहाँको कार्तिक १२ गते कोभिड-१९ पुष्टि भएको थियो । बेल्कोटगढी, नुवाकोटका ६६ वर्षिय पुरुष निमोनिया भई कार्तिक ८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक ९ गते कोभिड-

१९ पुष्टि भएको थियो ।(उहाँ मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

- हालसम्म बागमती प्रदेशमा ७५८२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २६६ जना बसिरहनुभएको छ भने १२९० जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४६७२ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६३१ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १८११७ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १४१४६९ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १०७९७ | ५४४९२ | ६३२१२ | १३६२ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २२५७ | ११२३४ | ९००७ | १६४ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १७१९ | ११५२५ | ५७७१ | ९६ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ० | ४१ | १४३० | १०१ | १ | |
| नुवाकोट | ५४९ | १ | ४ | ४५ | ८ | २३५ | ६१४१ | ६७७ | ४ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | ३४ | ३९१ | ५३८८ | ११८३ | १५ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १२०७ | १५७७९ | ४८०२ | ३५ | |
| सिन्धुली | ३१३ | ० | ९ | ४३ | २० | ११५ | ३८३८ | ३७९ | २ | |
| मकवानपुर | १२५ | ० | ० | २९० | १७ | ८६३ | १५३०९ | ३२६७ | २६ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ५ | १४७९ | ३५७ | २ | |
| दोलखा | १९३ | ० | ४ | ४४ | ७८ | १६ | २४३२ | ३३९ | ३ | |
| काभ्रेपलान्चोक | ५९७ | ६ | २४ | १७५ | ५५ | ३३३ | ६६१३ | १७११ | ७ | |
| सिन्धुपाल्चोक | ७५४ | ० | १०१ | १३१ | ७ | १३८ | ५८०९ | ५५० | ५ | |
| जम्मा | ७५८२ | २६६ | १२९० | ४६७२ | ३६३१ | १८११७ | १४१४६९ | ९१३५६ | १७२२ | |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोको मितिसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १२२४३ | १३९ | ११४ | २२ जनाः काभ्रेपलान्चोक-८, दोलखा-७, भक्तपुर-३, सिन्धुपाल्चोक-३, रामेछाप-१ | ९२ | |

(आज प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।)

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई